Received Date: June 2023 Revised: July 2023 Accepted: Aug. 2023

# आमनिर्वाचन २०७९ मा राजनीतिक दलहरूको अवस्था

**ढाकाराम सापकोटा**
उपप्राध्यापक
इतिहास विभाग
त्रि.वि. रत्न राज्यलक्ष्मी क्याम्पस
Email: dhakaramsapkota@gmail.com
DOI: 10.3126/hj.v14i2.59073

**सारसङ्क्षेप**

*प्रस्तुत अध्ययन आमनिर्वाचन २०७९ मा आधारित रहेर तयार पारिएको छ । वि.सं.२०७२ सालको संविधानले राज्यलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरेको छ । संघलाई राज्य सञ्चालनका केही विशिष्टखालको अधिकार दिइएको छ । राज्यको स्थायित्व, प्रदेश र स्थानीय निकायको सफलताको प्रमुख कडी र संस्थागत विकास, यसले बहन गर्ने जिम्मेवारीमा भरपर्छ । त्यस खालको जिम्मेवारी बहन गर्ने कुरामा यसका प्रतिनिधिहरूको चयन गर्ने आवधिक निर्वाचनमा निर्भर हुन्छ । संघीय संसदको निर्वाचन २०७९ मा राजनीतिक दलहरू गठबन्धन बनाएर निर्वाचनमा होमिएका थिए । निर्वाचनबाट प्रतिनिधि छान्ने कुरा दलको दबदवामा भन्दा पनि नागरिकसँग जोडिने कुरा प्रजातन्त्रको सवल पक्ष मानिन्छ । पुस्तकालय विधिबाट सङ्कलन गरिएका स्रोतहरूको प्रयोग गरी सिस्टम थ्योरी विधिबाट अध्ययन गरिएको यस लेखमा सिद्धान्त र योग्यभन्दा निर्वाचन जित्ने एक मात्र लक्ष्यका साथ उम्मेदवार उठाउने र तिनैलाई चुनाव जिताउन पार्टी सदस्यले लिएको नाममा मत दिन दवाब दिने कुरा हावी भएको देखिन्छ । जुन कुराले तत्काल फाइदा हुने भए पनि कालान्तरमा दल र व्यवस्थाकै लागि अनुत्पादक हुने निष्कर्ष रह्यो ।*

**शब्दकुञ्जी :** गठबन्धन, घोषणापत्र, प्रतिनिधि, लोकतान्त्रिक, समावेशिता ।

## विषय प्रवेश

निर्वाचनलाई बोलीचालीको भाषामा चुनाव भन्ने गरिन्छ । वाचन शब्दमा 'नि' उपसर्ग लागेपछि निर्वाचन भएको हो । जसको शाब्दिक अर्थ धेरैमध्ये ठीक छुट्याएर गरिने छनोट हो । यसरी छनोट गर्दाको प्रकृतिलाई हेर्दा नबोल्नु भन्ने हुन्छ । नबोलिकन, सङ्केतबाटै आफूलाई मन परेको मानिस छान्ने काम नै निर्वाचन हो । एउटा निश्चित उमेर समूहका मानिस अर्थात जसको मतदाता नामावलीमा नाम रहेकाहरूको हुन्छ, उनीहरुमध्ये आम धेरै मानिसले गोप्य रूपमा कसैलाई चुन्ने कामको नाम नै आमनिर्वाचन हो । जनता स्वयम्ले चुनेको पदाधिकारीबाट शासीत हुने प्रणाली पछिल्ला दशकमा लोकप्रिय बन्दै आएको छ । निर्वाचनले सत्ता-शक्तिको शान्तिपूर्ण हस्तान्तरणलाई सुनिश्चित गर्छ । चुनावका लागि मताधिकार, उम्मेदवारी दिन पाउने अधिकार र मतदानको निष्पक्षता गरी तीन पक्षलाई महत्वपूर्ण मानिन्छ । त्यसलाई व्यवस्थित र समयसापेक्षिक बनाउने अर्को महत्वपूर्ण पाटो समय पनि हो । समानता, विधिको शासन, समावेशिता, मानवअधिकार लगायतका यावत् सवाललाई उपभोगको तहमा लैजाने प्रस्थान बिन्दु नै निर्वाचन हो । सत्तालाई जनताप्रति उत्तरदायी बनाउन निश्चित अवधिको अन्तरालमा चुनाव गराउनु पर्ने यसको विधि र पद्धतिभित्र पर्ने कुरा हुन । नेपालको संविधान २०७२ ले तीनतहको व्यवस्था गरेमध्ये एक हो संघियसभाको निर्वाचन । संविधानसभाबाट संविधान जारी भएपछि २०७९ साल मङ्सिर ४ मा दोस्रोपटक संघियसभाको निर्वाचन भएको हो । निर्धारित समयमा नै निर्वाचन भएर निर्वाचित प्रतिनिधिले जिम्मेवारी बहन गर्ने कुरालाई संविधान कार्यान्वयनको सवल पक्ष मान्न सकिन्छ । यही राजनीतिक घटनाक्रम नै अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख संविधानसभाबाट संविधान जारी भएपछि दोस्रोपटक भएको आमनिर्वाचनको घटनाक्रम, दलहरूको अवस्था र परिणामका बारेमा समिक्षा गर्नुलाई मुख्य उद्देश्य बनाइएको छ । पुस्तकालयी विधि अन्तर्गत द्वितीय स्रोतलाई उपयोग गर्दै लेख तयार पारिएको छ । लेख समकालीन राजनीतिसँग सरोकार राख्ने इतिहास भएको हुँदा सिस्टम थ्योरीका आधारभूत पद्धतिमा अर्न्तनिहित भएर वर्णनात्मक र विश्लेषणात्मक विधिका माध्यमबाट निष्कर्षमा पुगिएको छ ।

## विषय प्रवेश

राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते चालेको शाही कदमको प्रतिक्रिया स्वरुप संसदवादी दल र सशस्त्र विद्रोह गर्दै आएको नेकपा माओवादीका बिच २०६२ मङ्सिर ७ गते भारतमा १२ बुँदे सम्झौता भयो । सोही सम्झौतालाई आधार बनाउदै २०६२/६३ सालमा जनआन्दोलन गरे । उक्त जनआन्दोलन सफल भएपछि २०५९ जेठ ८ गते बिघटन गरिएको संसद पूनस्थापना भयो । सरकार र माओवादीका बिच २०६३ असार २ गते युद्धविराम र आचारसंहितालाई दृढता र इमान्दारीका साथ कार्यान्वयन गर्ने, शान्तिपूर्ण ढङ्गले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने, दुबै पक्षका सेना तथा हतियारको व्यवस्थापनमा सघाउन र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसङ्घलाई अनुरोध गर्ने, दुरगामी प्रभाव पार्ने विषयमा सहमतिका आधारमा निर्णय लिने, त्यसमा अन्तरिम संविधान र अन्तरिम संसद् बनाउने, राज्यको पूर्नसंरचना गर्ने, संविधानसभा निर्वाचन गर्नेजस्ता आठबुँदे सहमति भयो (भट्टराई, २०६३) । त्यसैगरी २०६३ कार्तिक २२ गते अर्को विस्तृत शान्तिसम्झौता गरे । दलहरूकै सहमतिमा अन्तरिम संविधान २०६३ बन्यो । जसमा 'आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्न संविधानसभाबाट नयाँ संविधान नबनेसम्मको लागि राजनीतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरीम संविधान २०६३ जारी भएको घोषणा गर्दछौं' (नेपालको अन्तरीम संविधान, २०६३) भनिएको थियो । जुन संविधान माघ १ गतेबाट लागु गरिएको थियो । सङ्कटकालीन अवस्था रहेको बेला मुलुकमा अन्तरिम संविधान कार्यान्वयन भयो । पहिलो र दोस्रोपटक तोकिएको मितिमा हुन नसकेको संविधानसभाको निर्वाचन तेस्रोपटक तोकिएको मिति २०६४ चैत्र २८ मा सम्पन्न भयो । निर्वाचनपछि माओवादी ठूलो पार्टी भयो र उसैको नेतृत्वमा सरकार गठन भयो । संविधानसभाको एक मात्र लक्ष्य संविधान बनाउने भएको हुँदा संसदमा प्रतिपक्षीको व्यवस्था गरिएको थिएन । निर्वाचनपछि बनेको सरकारको प्रमुख कार्यभार संविधान निर्माणमा सहजिकरण गर्नु थियो । तर बिडम्वना दलहरूको ध्यान सत्तातर्फ केन्द्रीत हुनजाँदा राजनैतिक सहमतिका आधारमा भन्ने वाक्यांशलाई संशोधन गरी तत्काल कायम रहेका सम्पूर्ण सदस्यको बहुमतका आधारमा भन्ने बनाइयो (अन्तरिम संविधान, २०६३) । बहुमतका नाममा छिटो छिटो सरकार फेरबदल भए । संविधान बनाउन निर्धारण गरिएको समयमा मात्र होइन पटकपटक समय थप्दा पनि संविधान बनाउन नसकी संविधानसभा विघटन भयो ।

संविधानसभा विघटनको जिम्मेवारी लिन कुनै दल तयार थिएनन् बरु एकले अर्कोमाथि पन्छाई रहेका थिए । त्यस्तो अवस्थामा कुनै एक दलबाट हुने सरकारको नेतृत्व स्वीकार्न अन्य दलहरू तयार थिएनन् । फलतः सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा पूर्वकर्मचारी सम्मिलित मन्त्रिपरिषद् गठन भयो (खनाल, २०७८) । त्यही सरकारले दोस्रोपटक संविधानसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गरायो । निर्वाचनमा ठूलो दल हुनपुगेको ने.का.ले सरकारको नेतृत्व गऱ्यो । जुन सरकारको पहलमा २०७२ असोज ३ गते संविधानसभाबाट संविधान जारी भयो । संविधान जारीभए लगतै सोही बमोजिम निर्वाचन गर्न आवश्यक थियो । त्यसका लागि २०७४ मङ्सिरमा दुई चरणमा निर्वाचन भयो । उक्त निर्वाचनमा साझा घोषणापत्रका साथ नेकपाका दुई ठूला पार्टी एमाले र माओवादी केन्द्र एकहुँदै निर्वाचनमा गए । निर्वाचन परिणाम तिनै दलका पक्षमा गयो । फलतः माओवादी केन्द्रका ५३ र एमालेका १२१ सांसदको समर्थनमा २०७४ फागुन ३ गते केपी

शर्मा ओली प्रधानमन्त्री भए (गोरखापत्र २०७४ फागुन ४) । संसदमा विश्वासको मत लिदाका बखत सरकारलाई अन्य दलहरूले समर्थन गरे भने विपक्षीमा रहने कांग्रेस एक्लो दल भयो ।

पार्टीबाट सरकारको नेतृत्व गर्न गएका व्यक्तिले निर्वाचनका बेला जारी गरिएको घोषणापत्र र जनतासमक्ष गरेका बाँचालाई ख्याल गर्नु प्रमुख दायित्वभित्र पर्दथ्यो । पार्टीको सोच र प्रधानमन्त्रीले गर्ने कामका बिचमा तालमेल हुन सक्दामात्र परिणाम दिने खालका काम गर्न सकिन्थ्यो । पार्टीको नेता हुनुका नाताले राज्यसत्ताको जिम्मेवारी सम्हालन पुगेको कुरालाई बिर्सन खोज्दा पार्टी र सरकारका बिच सन्तुलन बिग्रन गयो । केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएदेखि नै दिर्घकालीन प्रभाव पार्ने खालका र महत्वपूर्ण निर्णय गर्दा पार्टीसँग सरोकार नराख्ने क्रम बढ्दैगयो (तामाङ, २०७८) । त्यसैको परकाष्ट स्वरुप पुस ५ गते असंवैधानिक रूपमा प्रतिनिधिसभाको विघटन गर्दै २०७८ वैशाख १७ र २७ गते दुई चरणमा मध्यावधि निर्वाचन गर्ने गरी मिति तोकियो । यद्यपि सर्वोच्च अदालतले उक्त कदम असंवैधानिक भएको ठहर गर्दै पूनस्थापना गऱ्यो ।

सरकारको नेतृत्वमा रहेका केपी शर्मा ओलीले असंवैधानिक कदम चालेको भन्दै सरकार गठन गर्दा समर्थन गर्ने दलहरूले विभिन्न मितिमा समर्थन फिर्ता लिंदैगए । त्यही अवस्थामा २०७८ वैशाख २७ गते विश्वासको मतलिनका लागि भन्दै बोलाइएको विशेष अधिवेशनमा सरकारका पक्षमा ९३ र विपक्षमा १२४ मत पऱ्यो । १५ सांसद तटस्थ बसेका थिए भने एमालेका २८ सांसद मतदानमा सहभागी भएनन् (गोरखापत्र २०७८ वैशाख २८)सरकार अल्पमत पऱ्यो । अल्पमतमा रहेका प्रधानमन्त्रीले नैतिकताका आधारमा राजीनामा गरेनन् । राष्ट्रपति विद्यादेवी भण्डारीले छोटो समय दिएर संविधानको धारा ७६ को उपधारा २ अनुसार वैशाख ३० गते साँझ ९ बजेसम्म प्रधानमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि पेश गर्न आह्वान गरिन (२०७८ वैशाख २७ गते जारी वक्तब्य) । दलहरूले बहुमत जुटाउन नसकेपछि संसदमा सबैभन्दा ठूलो दलको नेताको हैसियतमा केपी शर्मा ओलीलाई पूनप्रधानमन्त्रीमा नियुक्त गरिन । संसदमा ठूला दलको नेताका हैसियतमा प्रधानमन्त्रीमा नियुक्त भएका केपी शर्मा ओली विश्वासको मत लिनेतिर गएनन् । बरु सरकारलाई विश्वासको मत प्राप्त गर्ने दह्रो आधार नदेखिएको, वैशाख २७ को स्थितिमा तात्विक अन्तर नदेखिएको भन्दै वैकल्पिक सरकार गठनका लागि मार्ग प्रसस्त गर्न उपयुक्त देखिएको भनि संविधानको धारा ७६(५) बमोजिमको नयाँ सरकार गठनको प्रक्रिया प्रारम्भ गर्न राष्ट्रपतिलाई पत्र लेखे । त्यसपछि राष्ट्रपतिबाट १ दिनको समय दिएर सरकार गठनका लागि आह्वाान भयो ।

## मध्यरातमा संसद विघटन

राष्ट्रपतिले संविधानको धारा ७६(५) अनुसार सरकार गठनका लागि आह्वानपछि संसदको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाले १४९ सांसदको हस्ताक्षरसहित दावी प्रस्तुत गरे । प्रधानमन्त्री ओलीले पनि आफ्नो पार्टीको १२१ सांसद र ३२ सांसद रहेको जसपाले आफूलाई समर्थन गरेको पत्र बुझाए । तर उक्त पत्रमा समर्थन गर्ने सांसदको हस्ताक्षर थिएन । सांसदहरूको समर्थन आफूलाई रहेको भन्दै प्रस्तुत गरिएका दुबैको दाबी संविधानको धारा ७६(५) बमोजिम प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्ने ठोस आधार नदेखिएकोले प्रधानमन्त्रीमा नियुक्ति गर्न मिल्ने देखिएन भन्ने निर्णय राष्ट्रपतिले सुनाइन् (राष्ट्रपति कार्यालबाट २०७८ जेठ ७ गते जारी वक्तब्य) ।

प्रधानमन्त्री ओलीले धारा ७६(५)अनुसार सरकार बन्न नसकेको भन्दै मन्त्रिपरिषद्को सिफारिसअनुसार २०७८ जेठ ८ गते राति १ बजेर ४९ मिनेट जाँदा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभाको पाँचवर्षे कार्यकालमा दोस्रोपटक संसद विघटन गरिन (कान्तिपुर २०७८ जेठ ८) ।प्रतिनिधिसभा बिघटन गर्ने प्रधानमन्त्रीको सिफारिस र त्यसलाई कार्यान्वयन गर्ने राष्ट्रपतिको निर्णय गैरसंवैधानिक भएको दाबी गर्दै नेका, माओवादी केन्द्र र जसपाका अध्यक्षसँगै एमाले नेता माधवकुमार नेपालसहित १४६ जनाले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरे । रिटमा गैरसंवैधानिक भएको प्रतिनिधिसभा विघटन गर्ने निर्णय बदर गर्नुपर्ने, १४९ जनाको समर्थनसहित दाबी पेस गरेकाले शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने र सांसदको हैसियतले

कुनै व्यक्तिलाई समर्थन गरेका आधारमा दल त्याग गरेको भनी कारबाही नगर्नू/नगराउनू भनी अन्तरिम आदेशसमेत मागिएको थियो । २०७८ असार २८ गतेसर्वोच्च अदालतले प्रतिनिधिसभा पुनस्थापना गऱ्यो । एक साताभित्र संसद अधिवेशन बोलाउन आदेश दियो । विश्वासको मत प्राप्त गर्न नसकेका ओली प्रधानमन्त्रीका लागि दावेदारसमेत हुन नसक्ने ठहर गर्दै २८ घण्टाभित्र देउवालाई प्रधानमन्त्री नियुक्त गर्न अनि देउवालाई समर्थन गरेकै कारणबाट सांसदहरूलाई ह्वीप उल्लङ्घन वा दल त्यागको कारवाही नचलाउन परमादेश दियो ( सर्वोच्च अदालतको २०७८ असार २८ को निर्णय कपीबाट) ।

## शेरबहादुर देउवा नेतृत्वमा सरकार गठन

प्रधानमन्त्री केपी शर्मा ओलीले गर्दै आएका हरेक कदमलाई साथ दिदै आएकी राष्ट्रपतिलाई सर्वोच्चको आदेशले शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न वाध्य बनायो । फलतः अदालतले दिएको २८ घण्टाको म्याद सकिनु एक घण्टाअघि शेरबहादुर देउवालाई प्रधानमन्त्री पदमा नियुक्त भए । सर्वोच्च अदालतको आदेश अनि माओवादी केन्द्र, जनता समाजवादी, राष्ट्रिय जनमोर्चा र एमालेबाट असन्तुष्ट बनेको माधवकुमार नेपाल समुहको समर्थनमा शेरबहादुर देउवाले गठबन्धन सरकारको नेतृत्व गर्नपुगे । समयक्रमले निर्वाचन गर्ने दायित्व यही सरकारमा आइपुग्यो ।

## निर्वाचनको मिति र दल दर्ता

संविधानमा अघिल्लो निर्वाचन भएको मितिले ५ वर्षपछि अर्को निर्वाचन गर्नुपर्ने गरी भएको व्यवस्थानुसार निर्वाचन आयोगले संघिय/प्रदेश संसदको निर्वाचनमा सहभागी हुन चाहने दलहरूलाई २०७९ श्रावण २२ देखि ३१ गतेसम्म दल दर्ताको निवेदन दिन आह्वान गऱ्यो । विभिन्न समयमा गरी ८६ वटा राजनीतिक दल निर्वाचन प्रयोजनका लागि कायम रहेका थिए (निर्वाचन आयोग, २०७९) । राजनीतिक दल सम्वन्धी ऐनमा भएको व्यवस्थाअनुसार आयोगमा दर्ता भएका ८६ वटा राजनीतिक दलमध्ये १२ वटाले एकल चिन्ह लिई निर्वाचनमा सहभागी भए भने ७८ वटा निर्वाचन चिन्ह लिएर दलले निर्वाचनमा भाग लिए । त्यसका लागि पहिलो हुने निर्वाचन प्रणालीतर्फ २०७९ असोज २३ गते मनोनयन दर्ता गर्ने र असोज २६ गते उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गऱ्यो ।

२०७९ साल वैशाखमा भएको स्थानीय तहको निर्वाचनका बेला दलहरू गठबन्धन र तालमेल गरी चुनावी मैदानमा गएका थिए । त्यसरी जाँदा पनि आशा गरेअनुसारको परिणाम ल्याउन सकेका थिएनन् । तर त्यो कुरालाई दलहरूले नजरअन्दाज गरेका थिए । एकातिर प्रतिनिधिसभाको निर्वाचन केन्द्रको सरकार बनाउने र स्वयम् शिर्ष भनिएका नेताको पोजेशनको कुरा हुन्थ्यो भने अर्कोतर्फ निर्वाचन पार्टीको प्रतिष्ठासँग गाँसिने विषय पनि भएको हुँदा त्यही खालको रणनीति(गठबन्धन) तय गर्नतर्फ दलहरू सक्रिय भए ।

## चुनावी तालमेल र गठबन्धन

अठहत्तरवटा राजनीतिक दल चुनावी मैदानमा थिए । तीमध्ये चर्चा भनेको सत्तापक्ष र प्रतिपक्षबाट बनेका गठबन्धनको थियो । सत्तापक्ष गठबन्धनको नेतृत्व नेकाले र प्रतिपक्ष गठबन्धनको नेतृत्व एमालेले गरेको थियो । सत्तापक्ष गठबन्धनमा नेका, माओवादी केन्द्र, एकिकृत समाजवादी, जनता समाजवादी र जनमोर्चा थिए । सत्तामा रहेका पाँच दल गठबन्धन गरी निर्वाचनमा जाने भएपछि संसदमा प्रमुख प्रतिपक्षी रहेको एमाले चुनावी दबाबमा पर्नगयो । त्यसैले सत्ताधारी गठबन्धनसँग प्रतिस्पर्धा गर्न त्यही खालको रणनीति तयगर्न एमाले वाध्य भयो ।

२०७४ मङ्सिरमा भएको संघिय संसदको निर्वाचनमा एमाले र माओवादी केन्द्र साझा घोषणापत्रका साथ निर्वाचनमा गएको हुँदा एमाले पहिलो दल भएको थियो। लामो समय एमालेको नेतृत्वमा रहेका पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र झलनाथ खनालको पहलमा नयाँ पार्टी नेकपा (एकीकृत समाजवादी)

गठन गरेका थिए । पार्टी अध्यक्षले गरेको काम र शैलीप्रति असहमति राख्दै एमाले उपाध्यक्ष बामदेब गौतमले राजीनामा दिएर पार्टीबाट अलग भएका थिए (राजीनामा पत्र २०७८ भदौ १८) । त्यसपछि एकता अभियानका नाममा छुट्टै रूपमा गतिविधि गर्दै थिए । २०७४ सालको एमाले २०७८ सालसम्म आइपुग्दा विभिन्न घटकमा विभाजित भएको थियो । त्यसैले अन्य दलको साथ खोज्नु परिणामको उपज थियो । त्योसँगै सत्ताधारी गठबन्धनलाई काउन्टर दिने गरी बनाएको गठबन्धनमा राप्रपा, राप्रपा नेपाल, परिवार दल, बी.पी.राष्ट्रिय कांग्रेस, जनता प्रगतिशील पार्टी लगायतका केही साना दलका साथै समुह सामेल थिए । त्यसबाहेक सत्तागठबन्धनबाट छुट्टीएर आउने दलसँग चुनावी तालमेल हुने कुरा सार्वजनिक रूपमा बोल्ने मात्र गरेन कि त्यो गठबन्धनलाई फुटाउन भरमग्दुर कोशिस गर्‍यो । जुन कुरा राजनीतिक हकमा स्वभाविक पनि हुनआउथ्यो । गठबन्धनको प्रकृति भने फरक फरक खालको थियो । सत्ताधारी गठबन्धनले प्रत्यक्ष निर्वाचित हुने सिटलाई जसरी भागवण्डा गरेका थिए एमालेले त्यसरी नगरी निश्चित क्षेत्र र सिटमा मात्र गर्ने गरी अगाडि बढ्यो ।

## उम्मेदवारी दर्ता र बहुरूपी गठबन्धन

उम्मेदवार मनोनयनका लागि असोज २३ गते विहान १० बजेदेखि साँझ ५ बजेसम्मको समयावधि तोकिएको थियो । कांग्रेस र एमाले नेतृत्वमा बनेका गठबन्धन दलहरूले सिट बाँडफाँड र उम्मेदवारको टुङ्गो लगाउन गृहकार्य गरिरहेका थिए । त्यसमध्ये सत्ताधारी नेतृत्वको गठबन्धनलाई सिट बाँड्ने कुरा दिनप्रतिदिन पेचिलो बन्दै गयो । एमालेले भने सत्ता गठबन्धन छाडेर आउने दलसँग चुनावी एकता गर्न सकिने कुरालाई जोडतोडले उठाई रहेको थियो । सत्ताधारी गठबन्धन बिच सिट बाँडफाँड गर्ने कुरामा गरमागरमी बढ्दै जाँदा जनता समाजवादी पार्टी नेपाल सत्तागठबन्धनबाट छुट्टीदै एमालेसँग जोडिन पुग्यो । उम्मेदवारी दर्ता गर्ने दिनसम्म आइपुग्दा गठबन्धनमा फेरबदल आयो । सत्तागठबन्धनमध्ये नेकालाई ९१ माओवादी केन्द्रलाई ४६, एकिकृत समाजवादीलाई २१, लोकतान्त्रिक समाजवादी पार्टी नेपाललाई ५ र राष्ट्रिय जनमोर्चालाई २ सिट हुनेगरी सिट बाँडफाँड गरेका थिए (कान्तिपुर २०७९ असोज २४) । हुनत शुरूमा नेकाभित्रको एकपक्ष एमाओवादी लगायत कम्युनिस्ट पार्टीसँग गठबन्धन गर्न नहुने पक्षमा मधुरो आवाज उठाउदै थियो तर गठबन्धन नगर्दा चुनाव हार्ने भएपछि सबै तै चुप र मै चुप थिए । दलहरूको भागमा परेका सिटमा उम्मेदवार उठाउने काम केन्द्रबाट नै गरेका थिए । गठबन्धनको सहमति र नेतृत्वको निर्णयप्रति असन्तुष्टी जनाउदै कांग्रेस, एमाले र एमाओवादीबाट धेरै वागि उम्मेदवार उठेका थिए ।

सत्ताधारी गठबन्धनबाट आत्तिएको एमाले सुरुदेखि नै त्यसलाई फुटाउन अनेक प्रपञ्च गर्दै आएको थियो । त्यसैको परिणाम स्वरूप सत्तागठबन्धन छाडेर जसपा नेपाल एमालेसँग मिल्न आइपुग्यो । जसपा नेपाल एमालेसँग मिल्न आएपछि एमालेसँग निकट रहेको लोसपा नेपाल भने सत्ता गठबन्धनसँग मिल्न पुग्यो । तर पनि सत्ता गठबन्धलाई फुटाउन सकेपछि त्यसैलाई चुनावी नारा बनाउन सजिलो भएको थियो । यी दुबै पार्टीको आधारभूमि तराई रहेको हुँदा सिट बाँडफाँड गर्दा त्यसै क्षेत्रलाई आधार मानिएको थियो । चुनावी तालमेलका क्रममा जसपालाई १७, राप्रपालाई तीन, कांग्रेसका बागीलाई एक (चितवन-३), नेपाली कांग्रेस बीपीलाई एक( डडेलधुरा) र जनता प्रगतिशील पार्टी नेपाललाई एक (नवलपरासी पश्चिम-१) क्षेत्र छाडेको थियो । मुलुकमा हुने गरेका राजनीतिक, प्रशासनिक, प्राज्ञिक, कुटनीतिक नियुक्ति आदिमा आफन्त र नातेदारको माखेजालो उम्मेदवार छनौटका क्रममा पनि निरन्तरता पायो ।

कमल थापा नेतृत्वको राप्रपा नेपालले तीर चुनाव चिन्ह लिएर ५८ स्थानमा उम्मेदवार उठाएको भए पनि स्वयम् अध्यक्ष भने एमालेको सूर्य चिन्हबाट चुनाव लडेका थिए । त्यसैगरी नेपाल परिवार दलका अध्यक्ष नै एमालेको समानुपातिक सूचिमा थिए । अध्यक्ष बनेर निर्वाचन आयोगमा दल दर्ता गरेका नेताहरू जसरी पनि सांसद हुने उद्देश्यले अर्को दलमा पुगेका थिए । त्यो भन्दा कुरुप राजनीतिमा अर्को हुन सक्दैनथ्यो । उम्मेदवार बनाउने कुरा नेताहरूकै तजविजीमा भएको थियो । स्थानीयदेखि केन्द्रसम्मको निर्वाचन चुनाव जित्नकै लागि गठबन्धन गरेको कुरालाई मतदाताले रुचाएका थिएनन् बरु त्यसलाई मजाकको विषय बनाउँदै खिशीटिउरी

गरेको देखिन्थ्यो । मतदाताको सुरुको मनस्थिति हेर्दा गठबन्धन राजनीतिबाट नेपालमा संघीय लोकतान्त्रिक शासन व्यवस्थाको भविष्यप्रति आश्वस्त हुन सक्छ त भनेर प्रश्न उठाउने प्रशस्त ठाउँ थियो ।

## प्रमुख दलहरूका घोषणापत्र

निर्वाचन प्रयोजनार्थ भनि ८६ दल दर्ता भएका भए पनि निर्वाचनमा ७८ दलले भाग लिएका थिए। निर्वाचनमा भाग लिएका राष्ट्रिय पार्टी, पहिलोपटक निर्वाचनमा भाग लिएका नयाँ पार्टीसहित स्वतन्त्र उम्मेदवारले घोषणापत्र र प्रतिवद्धतापत्र जारी गरेका थिए । त्यसमध्ये केही दलहरूले जारी गरेको घोषणापत्र र तिनमा उल्लेखित मूलभूत कुराहरू यस प्रकार थिए :

## नेपाली कांग्रेस

नेपाली कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ का लागि 'नेपाली कांग्रेसको सङ्कल्प' भनि एउटै घोषणापत्र सार्वजनिक गरेको थियो । 'संविधान रक्षा, स्थिरता र समुन्नतिको आधार नेपाली कांग्रेसकै नेतृत्वमा अवको सरकार' भन्ने नारा अगाडि लेखिएको थियो । प्रतिनिधिसभा र प्रदेशसभाका लागि संयुक्तरुपमा जारी गरिएको घोषणापत्र थियो । कुल ५२ पृष्ठ रहेको घोषणापत्र श्रद्धा र सम्मानबाट सुरु गर्दै ५ खण्डमा विभाजन गरिएको थियो । नेका बिगतमा जस्तै भविष्यमा पनि नेपाली जनताले सुम्पिएको हरेक अभिभारालाई निष्ठा र इमान्दारीपूर्वक बहनगरी लोकतन्त्र, संविधान, विधि शासन र मानवअधिकारको संरक्षण र सम्वर्द्धनका निम्ति कटिबद्ध छ । संविधानको मर्म बमोजिम सरकारलाई संसदप्रति जवाफदेही बनाउदै संसदभित्रबाटै विकल्प भएसम्म दलहरूभित्र हुनसक्ने द्वन्द वा संसदमा उत्पन्न हुनसक्ने गतिरोध वा अरु कुनै वहानामा संसद अवरुद्ध हुन नदिई संसदलाई पूर्णअवधि कायम राख्ने प्रतिज्ञा गरेको थियो (३) । समसामयिक राजनीतिको समिक्षा गर्दै नेकपाका अध्यक्ष केपी शर्मा ओलीको नेतृवमा सरकार बनेको क्षणदेखि नै संविधान, लोकतान्त्रिक प्रणाली, नागरिक अधिकार, संवैधानिक संस्था र राज्यको चौथो अंग सञ्चारजगतमाथि नियोजित रुपमा आक्रण गर्दै वामगठबन्धनले पाएको अवसरको अधिकांश समय र उर्जा सर्वसत्तावादी शासन स्थापना गर्ने घृष्टतामा खर्च गरियो(४) भनि अघिल्लो शासनको आलोचना गर्दै स्वयम्को इतिहासलाई भने स्वर्णीम अक्षरमा व्याख्या गरिएको थियो । पार्टीले के गर्छ के गर्दैन भन्ने बुँदा उल्लेख गर्दै अनुसूचीमा नेकाको नेतृत्वमा भएको विगत ३० वर्षको प्रतिफल भनी विभिन्न तथ्याङ्क उल्लेख थियो (नेका, २०७९) ।

## नेकपा एमाले

नेकपा एमालेले प्रतिनिधिसभा र प्रदेशसभाका लागि एउटै घोषणापत्र जारी गरेको थियो । कुल ९५ पृष्ठको उक्तपत्रलाई खण्ड क देखि ङ सम्म विभाजन गरेको थियो । खण्ड 'क' मा अध्यक्षको अपिल, 'ख' मा नेकपा : एमाले गौरवशाली इतिहास, सही नेतृत्व, 'ग' हाम्रो राष्ट्रिय आकाङ्क्षा : समृद्ध नेपाल, सुखी नेपाली 'घ' मा आगामी ५ वर्ष : हाम्रो २० ग्यारेन्टी र 'ङ' मा सुशासन, विकास समृद्धि र समानताका लागि ५ वर्षे नीति तथा प्राथमिकता र परिशिष्टमा ४१ महिनाका ८२ माइलस्टोन राखिएको थियो ।

वि.सं.२०७४ सालमा जारी गरिएको घोषणापत्रमा बहमत दिए राजनीतिक स्थायित्व दिने कुरा उल्लेख गरिएको थियो । राजनीतिक स्थायित्वका लागि जनताले बहुमतका साथ ५ वर्षका लागि सत्ता सुम्पेका थिए । तर ३ वर्षको अवधिमा दुई दुईपटक संसद विघटन गरिएको थियो । 'जनादेश विपरित प्रधानमन्त्रीलाई पाँच वर्षे कार्यकाल पुरा गर्न नदिने र महाधिवेशनबाट निर्वाचित पार्टी अध्यक्षलाई सडकबाटै कारवाही गर्ने अराजक र अलोकतान्त्रिक कार्य गरिए । त्यसै पृष्ठभूमिमा प्रतिनिधिसभा विघटन गरेर नयाँ निर्वाचनको घोषणा गर्नुपर्ने बाध्यात्मक परिस्थिति निर्माण भयो' भन्दै मध्यरातमा गरिएको संसद विघटनप्रति गर्ववोध गरेको थियो । नेपालको कम्युनिस्ट आन्दोलनमा स्थापित नेताहरूलाई देखाएर मत माग्ने कुरा स्वभाविक भए पनि पुष्पलाल, मनमोहनको कोटीमा ओलीलाई समेत राखिएको थियो । खण्ड 'घ' मा पार्टी आगमी ५ वर्ष : हाम्रा २० ग्यारेन्टी भनेर २० वटा कुरा उल्लेख थिए । जसमा पहिलो सेसनः समृद्धि अधिवेशन, नेपालीलाई मात्र नागरिकता, हङ्गर नो लङ्गर,

उत्पाद स्वदेशी बजार विदेशी, सुरक्षित छाना : पुग्छ सबैको चाहना, कमाई : युवाको रोजाई, पढाई भविष्यको जग बसाइँ, फ्रि मिटरः दश हजार लिटर, फ्रि युनिट : ५० युनिट, हामी सामाजिक : सभ्य नागरिक, हाम्रो अर्थः १०० खर्व लगायतका कुरा उल्लेख थिए (३५) । परिशिष्ट भनि ७५ देखि ९५ पेजमा ओलीले सरकारको नेतृत्व गर्दा गरेका काम भन्दै उद्घाटन गरिएका फोटोहरू राखिएको थियो । घोषणापत्रको धेरै भाग पार्टी अध्यक्षको तारिफमा खर्चिएको थियो (नेकपा एमाले, २०७९) ।

## नेकपा माओवादी केन्द्र

संघ र प्रदेश निर्वाचनका लागि माओवादी केन्द्रले एउटै प्रतिवद्धतापत्र जारी गरेको थियो । ८१ पृष्ठ रहेको प्रतिवद्धतापत्रमा नेपालको मौलीक लोकतन्त्रको रक्षा, कार्यान्वयन र विकासको पृष्ठभूमिमा नेकपाले विभिन्न समयमा गरेका आन्दोलनमा नेपाली सर्वहरा श्रमजीवी वर्गका पक्षमा गरेको माओवादी आन्दोलनको भूमिकालाई पृष्ठभूमि बनाउदै प्रमुख सोच एक्काइसौ शताब्दीको समाजवाद, नेपाल स्थिरता शान्ति र संवृद्धिका लागि शासकीय परिवर्तनमा फरक दृष्टिकोण राखेको थियो । स्थिर राजनीतिका लागि प्रत्यक्ष निर्वाचित राष्ट्रपति, संघमा ५१ प्रतिशत मतद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र राष्ट्रपतिद्वारा गठित मन्त्रीमण्डल रहने, संसद् मूलतः विधायन क्षेत्रमा केन्द्रित हुने, १६५ सिटको प्रतिनिधिसभा र ५५ सिटको राष्ट्रियसभा भएको संघीय संसद् हुनुपर्ने उसको दृष्टिकोण थियो । संघमा २५ जनामा नबढाई सानो आकारको मन्त्रीमण्डल गठन गर्ने,वेरोजगारी समस्या हल गर्न राष्ट्रीय रोजगार प्राधिकरण स्थापना गर्ने, गाउँ गाँउमा अस्पताल स्वास्थ्यमा समाजवाद, स्वास्थ्य क्षेत्रको सेवालाई जनमैत्री बैज्ञानिक र प्रभावकारी बनाउन एकीकृत राष्ट्रिय स्वास्थ्य गुरुयोजना बनाई लागु गर्ने उल्लेख थियो । त्यसैगरी २०४७ सालको परिवर्तन लगायतका सबै सरकारका प्रधानमन्त्री एवं मन्त्रीहरू, संवैधानिक निकायका प्रमुख एवं सदस्यहरू, सबै राष्ट्रिय राजनीतिक दलका केन्द्रीय पदाधिकारीहरू र विशिष्ट श्रेणीका कर्मचारीहरूको सम्पत्ति छनविन गर्न एक उच्चस्तरीय अधिकार सम्पन्न आयोग गठन गर्ने प्रतिवद्धता जनाएको थियो (नेकपा माओवादी केन्द्र, २०७९) ।

## राष्ट्रिय स्वतन्त्र पार्टी

दल स्थापना गरेको छोटो समयपछि नै पहिलोपटक निर्वाचनमा भाग लिएको यो पार्टीले प्रतिनिधिसभाको मात्र निर्वाचन लडेको हुँदा सोही कुरालाई केन्द्रमा राखेर ‘हामी र हाम्रो वाचापत्र’ सार्वजनिक गरेको थियो । जसको बाहिरी कभरपेजमा साङ्केतिक रूपमा विभिन्न खालका चित्र रहेका थिए । त्यसैको माथिल्लो भागमा पार्टी अध्यक्ष रवी लामिछानेले राष्ट्रिय झण्डा भिरेको र चुनाव चिन्ह घण्टी उठाएको फोटो थियो । कुल ३९ पृष्ठको वाचापत्रमा विषय सूची नै बनाएर प्रस्तुत गरेको थियो । जसमा पार्टी स्थापनाको पृष्ठभूमि, उद्देश्य, राजनीतिक चरित्र, दर्शन र प्रतिवद्धता लगायतका कुरा उल्लेख थिए ।

नयाँ पार्टी गठन गर्नुमा व्यवस्था बदलियो तर जनताको अवस्था बदलिएन किनभने बदलिएको व्यवस्थामा केही बाहेक पात्र पनि फेरिएनन् । प्रबृत्ति जस्ताको तस्तै रह्यो । शक्तिलाई आफूमा र आफ्नो वरिपरि मात्रै राखिराख्न कोशिस गर्नेहरू बढे । उनीहरूलाई शासक बन्न र देखिन पर्ने भएको छ । यो यति विरूप रहेको छ कि पिर्के सलामी होस् या एयरपोर्टमा लगिने सोफा हुन् वा 'भिआइपि संस्कार' होस्, शासक बन्न चाहनेहरूको यस्तै व्यवहारले लोकतान्त्रिक व्यवस्थाप्रति ठाडो प्रहार गरिरहेको छ भनेर तत्कालीन परिस्थितिको समीक्षा (१) गरिएको थियो ।

हाम्रो प्रतिवद्धता भन्दै निर्वाचन प्रक्रियामा सुधार, सुशासनः जनताका लागि, भ्रष्ट्राचार गरिन्न, लैंगिक विभेदको अन्त्य, बहुआयामिक सामाजिक सुरक्षा, सामाजिक न्याय र समावेशीकरण, उत्कृष्ट शिक्षा अनि संस्कार, बलियो स्वास्थ्य सयंन्त्र मानसिक स्वास्थ्य, कृषिमा क्रान्ति व्यवसायमा सहजता, पूर्वाधारको गुणस्तरीय सञ्जाल सहज यात्राको आधारजस्ता कुरा थिए । त्यसैगरी हाम्रो परिकल्पनाको शासकीय स्वरूप, विभिन्न पार्टीहरूप्रतिको धारणा, मार्ग दर्शन, संवैधानिक समाजवाद निर्वाचन प्रक्रियामा सुधार लोकतन्त्रको बलियो आधार, भ्रष्टाचार

गरिन्न गर्नेलाई छाडिन्न, जनताका लागि सरकार सञ्चालन गर्ने कुरालाई सुक्ष्म किसिमले राखिएको थियो । ठूलाठूला कुरा भनेर होइन अब भनेका कुरा गरेर देखाउने बेला आएको छ भन्दै आफूलाई मत दिन आह्वान गरेको थियो (रास्वपा, २०७९) ।

## राष्ट्रिय प्रजातन्त्र पार्टी

राष्ट्रिय प्रजातन्त्र पार्टीले जारी गरेको घोषणापत्रको अघिल्लो पेजको माथिल्लो भागमा 'यसपटकको भोट राप्रपाको हलोमा छाप', 'नेपालको निर्णयकत्व नेपालीको हातमा' लेखिएको थियो । बिचभागमा पार्टी अध्यक्षले चुनाव चिन्ह हलो उठाएको फोटोका साथ 'एक पटक राप्रपालाई यसै पटक राप्रपालाई' भनिएको थियो । कुल २० पेजमा समेटिएको घोषणापत्रमा धर्म र राजतन्त्रका बारेमा व्याख्या गर्दै अवको गन्तब्य : सवल र सम्मुन्त नेपालको परिकल्पना गर्दै अभिभावकीय संस्थाको रुपमा राजसंस्था, जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, पूर्ण समानुपातिक संसद, प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचना, सर्वधर्म समभावपूर्ण धार्मिक स्वतन्त्रता जस्ता कुरा उल्लेख थियो (राप्रपा, २०७९) । .

राजनीतिक दलहरूले जारी गरेका घोषणापत्र एवं प्रतिवद्धतापत्रमा गतनिर्वाचनयताका राजनीतिक घटनाक्रमको चर्चा र एक-अर्कामाथि आरोप-प्रत्यारोपलाई समावेश गर्न चुकेका थिएनन् । निर्वाचन पश्चातका दिन राजनीतिक अधिकार सुनिश्चितताका लागि पार्टीले लिने नीतिलाई दलहरूले घोषणापत्रमा समेटेका थिए । यस्ता घोषणापत्रहरू यथार्थमा आधारित नभएर अति महत्वकाङ्क्षी र कार्यान्वयन गर्न नभएर देखावटी प्रयोजनका लागि ल्याएका थिए भन्दा अन्यथा हुँदैनथ्यो । घोषणापत्रमा अव्यवहारिक कार्यक्रम र नारा समेट्दै जनताको आँखामा छारो हाल्ने गरेको भन्दै आलोचना पनि भएको थियो ।

## चुनावी प्रचार प्रसार

निर्वाचनका बेला आ-आफ्नो दलको प्रचार प्रसार गर्ने कुरा स्वभाविक हुने नै भयो । गठबन्धनधारी दलले प्रचार प्रसारलाई निकै महत्व दिएका थिए । पछिल्लो समय विकसित हुँदै गएका सामाजिक सञ्जालमा नेताका भनाईलाई पोष्ट गर्ने, उम्मेदवारले त्यसैमार्फत भोट माग्ने गरेका थिए । त्यसमा समर्थक र आलोचकबाट निकै खरो टिकाटिप्पणी पनि भएका थिए । त्यसैगरी विभिन्न कलाकारलाई पार्टीका पक्षमा गित गाउन लगाएर प्रचार प्रसारका क्रममा तिनै गित बजाउदै हिडेका थिए । चार दलीय गठबन्धनले आयोजना गर्ने आमसभामा गठबन्धनमा रहेका पार्टीका अध्यक्षहरूले सामुहिक रूपमा सम्वोधन गर्ने गरेका थिए । उनीहरूले गर्ने सम्वोधनको अधिकाङ्श समय अर्को गठबन्धन विशेष गरी केपी शर्मा ओलीले सरकारको नेतृत्व गरेका बेला भएका काम र चालेका कदमको आलोचनामा बित्ने गरेको थियो । समय अभाव र कार्यव्यस्ताले त्यसरी गरिने आमसभा कुनै निश्चित ठाउँलाई केन्द्र बनाएर गर्ने गरेका थिए । आफूहरूले बनाएको गठबन्धन २० वर्षसम्म जाने हुँदा राजनीतिक स्थिरताका लागि मत दिन आह्वान गरिरहेका थिए । त्यसैगरी एमालेले दार्चुलाबाट चुनावी अभियान शुरु गरेको थियो । अध्यक्ष ओलीले चुच्चे नक्सा निकालेर आफूले ठूलो काम गरेको सुनाउँदै आलोचनाको केन्द्रमा देउवा नेतृत्व सरकारलाई राख्ने गरेका थिए । जुन सरकारलाई परमादेशीको संज्ञा दिदै सत्ता छाड्नु पर्दाको पिडा आलोचनाका रूपमा व्यक्त गर्ने मात्र होइन एमालेले मात्र राजनीतिक स्थिरता र विकास दिने हुँदा मतदानका लागि आह्वान गरेको थिए (नागरिक २०७९ कार्तिक १४) । एमालेले आयोजना गर्ने सभामा केपी शर्मा ओली नै प्रमुख आकर्षक थिए । उनले बिगतमा आफूले गरेका कामको फेरिस्त प्रस्तुत गर्दै सत्ताधारी चार दलिय गठबन्धलाई निशाना बनाउने गरेका थिए ।

निर्वाचन आयोगले प्रत्यक्ष निर्वाचनमा भाग लिएका उम्मेदवारले खर्च गर्न पाउने रकम तोकेको थियो । त्यसमध्ये ५ वटा निर्वाचन क्षेत्रमा २५ लाख, ५४ वटामा २९ लाख, ५२ वटामा ३१ लाख, २६ वटामा ३३ लाख खर्च गर्न पाउने गरी सीमा निर्धारण गरेको थियो (निर्वाचन आयोग, २०७९ अनुसूची ९) । निर्वाचन सम्वन्धी खर्च गर्दा बैङ्क वा वित्तिय संस्थामा खाता खोल्नु पर्ने, खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नु पर्ने, पच्चीस

हजारभन्दा बढी आर्थिक सहयोग बैङ्क वा वित्तिय संस्थामार्फत् गर्नु पर्नेजस्ता निर्वाचन खर्चसम्वन्धी आचरण प्रस्तुत गरेको थियो (निर्वाचन आयोग, २०७८) । कुरा पैसाको मात्र थिएन प्रचार प्रसारका बेला देखिने भद्दाखालका प्रचार सामग्रीमाथि समेत नियन्त्रण गर्दै थियो । चुनाव चिन्ह अङ्कित टोपी, टिसर्ट लगाउन नपाउने, तुल र व्यानर टाँग्न नपाउने, मोटरसाइकल र गाडीको ऱ्यालीलाई नियन्त्रण गर्न खोज्दै उम्मेदवारलाई मतदाताका घरघरमा पुग्नु पर्ने कुरालाई महत्व दिएको थियो (निर्वाचन आयोग, २०७८ चैत्र २२ मा जारी प्रेस विज्ञप्ती) । आयोगको आचारसंहितालाई भित्रभित्रै जति उल्लङ्घन गरेका भए पनि विगतको भन्दा प्रचार प्रसार गर्ने शैलीमा फरक देखिएको थियो । सरकारमा रहेको कांग्रेस नेतृत्वको गठबन्धन एमाले नेतृत्वमा बनेको गठबन्धनका लागि चुनौति बनेको थियो । सत्ताधारी हुनुका कारण साधन र स्रोतका हिसावले बलियो थियो नै त्यसैमाथि सिट बाँडफाँडमा पनि त्यति ठूलो खिचातानी देखिएको थिएन । त्यसैले सरकारी गठबन्धनले सहजै बहुमत ल्याउने र भावी सरकार पनि त्यही गठबन्धनको बन्नेमा ढुक्क देखिन्थे । त्यसैगरी एमालेले आयोजना गरेका आमसभामा उपस्थित जनलहर हेर्दै आफूहरूले बहुमत ल्याउने कुरामा ढुक्क रहेको भन्दै देश विकास एमाले बाहेक अरुले गर्न नसक्ने दावी गरिरहेको थियो ।

## निर्वाचन परिणाम

मङ्सिर ४ गते निर्वाचनको दिन थियो । मतदानका लागि तोकिएको समय अगावै मतदाताको लाइन लाग्न थालेको थियो । मतदान गर्नु नागरिकको कर्तब्य र दायित्व दुबै हो भन्ने कुरामा सजक रहेको पाइए तापनि मतदाताहरू आशा र निरासाको दोसाधमा थिए । कुल मतदाता एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० रहेकोमा १ करोड ९ लाख ७३ हजार २७ जनाले मतदान गरेका थिए (निर्वाचन आयोग, २०७९) । २०७४ सालको निर्वाचनमा ६७.६३ प्रतिशत र ६ महिनाअघि भएको स्थानीय तहको निर्वाचनमा ६६.८६ प्रतिशत मत खसेको थियो । त्यसलाई तुलना गरेर हेर्दा यसपटक निराशाजनक मतदान भएको थियो । फरक फरक किसिमका गठबन्धन गरेर निर्वाचनमा गएका भए पनि परिणाम भने फरक खालको आयो । जुन परिणाम यस प्रकार थियो :

| क्र.सं. | राजनीतिक दल | प्रत्यक्ष निर्वाचित सदस्य | समानुपातिक मत | प्रतिशत | समानुपातिक सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नेपाली कांग्रेस | ५७ | २७,१५,२२५ | २९.२९ | ३२ | ८९ |
| २ | नेकपा एमाले | ४४ | २८,४५,६४१ | ३०.६९ | ३४ | ७८ |
| ३ | नेकपा माओवादी केन्द्र | १८ | ११,७५,६८४ | १२.६८ | १४ | ३२ |
| ४ | राष्ट्रिय स्वतन्त्र पार्टी | ७ | ११,३०,३४४ | १२.१९ | १३ | २० |
| ५ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | ५,८८,८४९ | ६.३५ | ७ | १४ |
| ६ | जसपा नेपाल | ७ | ४,२१,३१४ | ४.५४ | ५ | १२ |
| ७ | जनमत पार्टी | १ | ३,९४,६५५ | ३.७९ | ५ | ६ |
| ८ | नेकपा एस | १० | २,९८,६५५ | २.८७ | - | १० |
| ९ | लोसपा नेपाल | ४ | १,६७,३६७ | १.६१ | - | ४ |
| १० | नगरिक उन्मुक्ति पार्टी | ३ | | | - | ३ |
| ११ | राष्ट्रिय जनमोर्चा | १ | | | - | १ |
| १२ | नेमकिपा | १ | | | - | १ |
| १३ | स्वतन्त्र | ५ | | | - | ५ |
| | **जम्मा** | **१६५** | | | **११०** | **२७५** |

*स्रोत:* (निर्वाचन आयोग, २०७९)

प्रत्यक्षतर्फ १६५ सिटका लागि भएको निर्वाचनमा ५७ सिट जित्दै नेका पहिलो दल बन्दा ४४ सिट जितेर एमाले दोस्रो ठूलो दल बन्न पुग्यो । यद्यपि सामानुपातिक तर्फको ३०.६९ प्रतिशत मत ल्याएर पहिलो दल

भयो । प्रतिनिधिसभा विघटनको निर्णय सर्वोच्च अदालतले बदर गरे पनि जनताबाट अनुमोदन हुने एमालेको दावी निर्वाचनको नतिजाबाट खण्डित भयो । एमाओवादी तेस्रो ठूलो र पहिलोपटक निर्वाचनमा भाग लिएको रास्वपा चौथो ठूलो दल हुनपुग्यो । समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचनतर्फ एक सिट प्राप्त गर्ने दलले राष्ट्रिय दलको मान्यता पाउने व्यवस्था गरिएको हुँदा ७ दलले सोहीअनुसारको मत र सिट प्राप्त गरेर राष्ट्रिय दलको मान्यता पाएका थिए । प्रत्यक्षतर्फ १० सिट जितेको भए पनि थ्रेसहोल्ड कटाउन नसकेको हुँदा एकिकृत समाजवादी राष्ट्रिय पार्टी हुनसकेन । यद्यपि १ सय ६५ वटै निर्वाचन क्षेत्रमा राजनीतिक दलहरूले प्राप्त गरेको समानुपातिक मतलाई विश्लेषण गर्दा यो पार्टीका कारण एमालेले १९ वटा क्षेत्र गुमाएको थियो।

राजनीतिक दलहरूले जुन आधारमा उम्मेदवार उठाएका थिए त्यसको असन्तुष्टी स्वरूप कति ठाउँमा तिनै पार्टीका र अन्य व्यक्ति स्वतन्त्र उम्मेदवार बनेर निर्वाचन जितेका थिए । सङ्ख्यात्मक रूपमा हेर्दा एकाधँ ठाउँमा स्वतन्त्र उम्मेदवारले जिते जस्तो देखिए पनि दुई दुई वटा गठबन्धनका उम्मेदवारलाई पराजित गर्दै विजयी हुने कुराले दलहरूलाईजनताको मनोविज्ञान कता जादै छ भन्ने सन्देश दिएको थियो ।

**सरकारको नेतृत्वमा प्रचण्ड**

निर्वाचन परिणामले कुनै एक दललाई बहुमत नदिई मिलीजुली सरकार बनाउने म्यान्डेट दिएपछि संविधानको धारा ७६(१) को औचित्य सकिएको थियो । त्यसपछि आकर्षित हुने धारा ७६(२) थियो । जस अन्तर्गत दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने सांसद सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्ने ब्यवस्था थियो (नेपाल सरकार, २०७४) । सत्तागठबन्धनमा रहेका दलहरू पाँच वर्षे अवधिलाई आधार बनाउँदै सरकारको नेतृत्व गर्ने कुरामा सहमत देखिए पनि पहिलो चरणमा नेतृत्व गर्ने कुरामा दावीमात्र गरेका थिएनन् कि पहिलो चरणमा प्रधानमन्त्री नपाए गठबन्धन टुट्न सक्ने कुरा पनि गरिरहेका थिए । राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६(२) बमोजिम एकसाताको समय दिदै (पुष १० गते साँझ ५ बजेसम्म) प्रधानमन्त्रीमा दाबी पेस गर्न आह्वान भयो । निर्वाचनका बेला गरिएका वाचा र परिणामले सत्तागठबन्धन दलबाट सरकार बनाउन सहज थियो । एमाले भने सत्ता गठबन्धनलाई फुटाएर त्यसको फाइदा लिने रणनीतिमा थियो । राष्ट्रपतिले दिएको समयसिमा सकिन केही घण्टामात्र बाँकी हुँदासम्म पनि सत्तागठबन्धनमा रहेका दल नेका र माओवादी केन्द्रमध्ये कसले पहिला सरकारको नेतृत्व गर्ने भन्ने निर्णय गर्न सकेनन् । अन्तिम समयमा लिनुपर्ने सम्भावित कदम बारे देउवा र प्रचण्ड दुबैले आन्तरिक रुपमा बैकल्पिक गठबन्धनको तयारी पनि गरिरहेका थिए । माओवादी र कांग्रेस दुबै दलभित्र एमालेले खेलिरहेको थियो(कान्तिपुर २०७९ पुस ११) । त्यसलाई जसरी बुझ्नु पर्दथ्यो त्यसरी बुझ्न कांग्रेस चुक्यो । एमालेले प्रचण्डलाई प्रधानमन्त्री बनाउने संकेत गरेपछि एकाएक उनी बालुवाटार छाडेर बालकोट पुगे । बालुवाटारमा गठबन्धन भत्किएको केही बेरमै बालकोटमा अर्को गठबन्धन बन्यो । प्रधानमन्त्रीमा दावी पेश गर्न दिइएको समयसीमा सकिनै लाग्दा प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल कांग्रेसलाई बाहिर राखेर नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र तीन स्वतन्त्र गरी १६९ सांसदको समर्थनसहित प्रचण्डले राष्ट्रपतिसमक्ष दाबी पेस गरे (गोरखापत्र २०७९ पुस ११) । दावी पेश गरेको करिव दुई घन्टापछि प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त भए । निर्वाचनका बेला बनेको गठबन्धन सत्ताको झिनाझपटीले फुट्यो

भने सत्तामोहले नयाँ गठबन्धन बन्न पुग्यो । सत्ताकेन्द्रीत राजनीतिले दलहरूका बिच गठबन्धन कसरी बन्छन् र भत्कन्छन् भन्ने बुझ्न गाऱ्हो थिएन ।

## निष्कर्ष

निर्वाचन जनताले आफ्ना प्रतिनिधि छान्ने एक प्रकारको उत्सव नै हो । आफैँले निर्वाचीत गरेको प्रतिनिधिबाट शासीत हुन पाउँदा स्वयम्लाई सत्ताको अपनत्व हुन जान्छ । त्यसैले एउटा निश्चित अवधिमा निर्वाचन गर्ने प्रणाली पछिल्लो समयमा संसारभर लोकप्रिय भएर आएको छ । संघिय संसदको निर्वाचनमा एकातिर सत्तारुढ चार दलीय गठबन्धन निर्माण भयो भने अर्कोतिर त्यो गठबन्धनमा अट्न नसकेका दललाई साथ लिदै एमालेले पनि 'काउन्टर' गठबन्धनको अभ्यास गर्यो । निर्वाचनमा उम्मेदवार बन्नकै लागि दलबदल गर्नेको पनि कुनै कमी थिएन । सिद्धान्त, नीति र बिचारभन्दा पनि निर्वाचन जित्ने कुराले महत्व पाएको थियो । जुन चरम अवसरवाद थियो । निर्वाचनको पूर्वाधमा दलहरू बिच जुन प्रकारले गठबन्धन निर्माण भयो त्यसले राजनीतिक बृत्तमा विशेषमाहोल र मनोविज्ञानमात्र निर्माण गरेन कि समग्र समाजलाई नै तरङ्गित बनाउने काम गऱ्यो । पार्टीको नीति, विधिलगायतका कुरामा कुनै साइनो नभएका कांग्रेस, कम्युनिस्ट र तराईको क्षेत्रिय पार्टीसँगको गठबन्धनको एउट्टै लक्ष्य यो वा त्यो हिसावले निर्वाचन जितेर सत्तामा पुग्ने मात्र थियो । सत्ता केन्द्रीत सोचले अरु सबै कुरालाई तिलान्जली दिएका थिए । रातारात दल बदल गराएर उम्मेदवार बनाइएका मात्र होइन अन्य उम्मेदवार पनि नेताको तजविजीमा छान्ने काम भयो । सदस्यता लिएकै कारण विवेकसमेत पार्टीलाई सुम्पेको जसरी तिनै उम्मेदवारलाई भोट दिन निर्देश गरियो । नागरिक स्वयम्ले इच्छाइएको उम्मेदवारलाई मत दिन पाउने अधिकारलाई बन्धक बनाउन दलहरू सक्रिए भए । त्यसैको प्रतिकृया स्वरूप मतदाताहरूले नयाँ उदाएका दलहरूलाई रोज्न पुगेका थिए । मतदाताको मनोविज्ञानलाई हेर्दा पुराना भनिएका दलहरूप्रति निरासा देखिन्थ्यो । दलीय नेतृत्वको हैकमका कारण निर्वाचनले आममतदाताको अन्तर्मनलाई छुन नसक्दा यसपटकको निर्वाचन बहुदलीय लोकतान्त्रिक आचरणभन्दा बाहिर जान खोजेको देखियो भने निर्वाचनका बेला बनेको सत्तागठबन्धन परिणाम आएपछि सत्ताका लागि टुट्न पुग्यो । सत्ता केन्द्रीत राजनीतिले जनमुखि परिणाम दिन सक्ने देखिंदैन ।

## सन्दर्भसामग्री

*कान्तिपुर.* वर्ष २९. अङ्क ९३. २०७८ जेठ ८ ।
*कान्तिपुर.* वर्ष ३०. अङ्क २३०. २०७९ असोज २४ ।
*कान्तिपुर.* वर्ष ३०. अङ्क ३०४. २०७९ पुस ११ ।
खनाल, कृष्ण (२०७८). *गणतान्त्रिक नेपालको संविधान निर्माण प्रक्रिया. पात्र र अन्तर्वस्तु.*ओरिएन्टल पब्लिकेसन ।
*गोरखापत्र* . वर्ष ११६. अङ्क २७८. २०७४ फागुन ४ ।
*गोरखापत्र* . वर्ष १२१. अङ्क ५.२०७८ वैशाख २८ ।
*गोरखापत्र* . वर्ष १२२. अङ्क २२४.२०७९ पुस ११ ।
तामाङ, परशुराम (२०७८). *नेपाली कम्युनिस्ट आन्दोलनको कार्यदिशा.* जागरण बुक हाउस ।
नागरिक दैनिक. वर्ष.१४ अङ्क १८१. २०७९ कार्तिक १४ ।
नेपाल सरकार (२०७४). *नेपालको संविधान.* कानुन किताब व्यवस्था समिति.बबरमहल.काठमाडौँ ।
*नेपालको अन्तरिम संविधान* २०६३. (२०६३). बौद्धिक दर्पण प्रकाशन ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले). (२०७९). *प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ घोषणापत्र.* नेपाल कम्युनिस्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय च्यासल ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)(२०७९). *प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ घोषणापत्र.* नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र). केन्द्रीय कार्यालय. पेरिसडाडा ।

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) (२०७९). *राजनीतिक प्रस्ताव.* नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी). केन्द्रीय कार्यालय.आलोकनगर ।

निर्वाचन आयोग (२०७८). *निर्वाचन आचारसंहिता २०७८.* निर्वाचन आयोग ।

निर्वाचन आयोगले २०७८ चैत्र २२ गते जारी *प्रेस विज्ञप्ती.* निर्वाचन आचारसंहिता कार्यान्वयनमा दलहरूको प्रतिवद्धता र आयोगबाट दलहरूलाई निर्देशन ।

निर्वाचन आयोग (२०७९). *प्रतिनिधिसभा सदस्यनिर्वाचन २०७९ निर्वाचन परिणाम सहितको प्रतिवेदन.*निर्वाचन आयोग. कान्तिपथ ।

नेपाली कांग्रेस. *नेपाली कांग्रेसको सङ्कल्प प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९.* नेपाली कांग्रेस.केन्द्रीय कार्यालय वी.पी नगर सानेपा ।

बामदेव गौतम (नेकपा एमाले उपाध्यक्ष)ले पार्टी अध्यक्षलाई सम्वोधन गरी २०७८ भदौ १८ गते बुझाएको *राजीनामा पत्र*।

भट्टराई, बाबुराम (२०६३). *राजतन्त्र र लोकतान्त्रिक गणतन्त्र.* जनध्वननि प्रकाशन ।

राष्ट्रपति कार्यालयबाट २०७८ वैशाख २७ गते जारी वक्तव्य ।

राष्ट्रपति कार्यालयबाट २०७८ जेठ ७ गते जारी वक्तव्य ।

राष्ट्रिय प्रजातन्त्र पार्टी. *प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ घोषणापत्र.* राष्ट्रिय प्रजातन्त्र पार्टी.केन्द्रीय कार्यालय ।

राष्ट्रिय स्वतन्त्र पार्टी. *हामी र हाम्रो बाँचा प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९.* राष्ट्रिय स्वतन्त्र पार्टी.केन्द्रीय कार्यालय बसुन्धरा ।

सर्वोच्च अदालत संवैंधानिक इजलास ०७७-wc ००७१ उत्प्रेषण परमादेश समेत २०७८ असार २८ गतेको फैसलाको पूर्णपाठ ।